नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
हुलाक सेवा विभाग
हुलाक निर्देशनालय, मोरङ
जिल्ला हुलाक कार्यालय
भद्रपुर, झापा

सूचना प्रविधि विभाग
हुलाक सेवा विभाग
हुलाक निर्देशनालय, मोरङ

जिल्ला हुलाक कार्यालय

भद्रपुर, झापा

सूचना नं. ०१/०८३-८४

करारमा सेवा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८३/०७/१३)

जिल्ला हुलाक कार्यालय, झापा अन्तर्गत पालिका हुलाक कार्यालय गौरादह, दमक, कमल, कनकाई र झापा गा.पा.मा रहने गरी हल्कारा र हुलाकी पदको देहायको संख्या र योग्यता भएको कर्मचारीहरु सेवा करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र कार्यालय समयभित्र तोकिएको दस्तुर तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। यसको दरखास्त फाराम, दरखास्त दस्तुर, परीक्षाको पाठ्यक्रम सहितको विस्तृत विवरण कार्यालयबाट वा कार्यालयको वेबसाइट https://jhapa.nepalpost.gov.np बाट उपलब्ध हुनेछ।

सि.नं.	विज्ञापन नं.	पद	दरखास्त माग भएको पालिका हुलाक कार्यालय	माग संख्या
१	१/ २०८३-०८४	हल्कारा	हुलाक कार्यालय गौरादह नगरपालिका	१
			हुलाक कार्यालय कमल गाउँपालिका	१
			हुलाक कार्यालय कनकाई नगरपालिका	१
			हुलाक कार्यालय झापा गाउँपालिका	१
			जम्मा	४
२	२/ २०८३-०८४	हुलाकी	हुलाक कार्यालय दमक नगरपालिका	१
			हुलाक कार्यालय झापा गाउँपालिका	१
			जम्मा	२

१. **परीक्षाको किसिमः** प्रारम्भिक सूची प्रकाशन (Shortlisting), लिखित परीक्षा र सीप परीक्षण तथा अन्तर्वार्ता।

२. **दरखास्त पेस गर्ने अन्तिम मितिः** २०८३/०८/०३ गते कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक विदा परेमा त्यस पछि कार्यालय लाग्ने पहिलो दिन)

३. **दरखास्त फारम पेश गर्ने स्थानः** जिल्ला हुलाक कार्यालय, भद्रपुर, झापा

४. **दरखास्त दस्तुर र बुझाउने विधिः** आवेदन दस्तुर रु २००/-(अक्षरेपी दुईसय मात्र) जिल्ला हुलाक कार्यालय, झापाको राजस्व संकलन शाखामा बुझाउनुपर्ने छ वा जिल्ला हुलाक कार्यालय, झापाको कार्यालय कोड ३५८०३१२०१, राजस्व शिर्षक नं. १४२२४ परीक्षा शुल्क शिर्षकमा राजस्व भुक्तानी पोर्टल मार्फत राष्ट्रिय वाणिज्य बैंकमा राजस्व जम्मा गरी सो को सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ। दुवै पदको लागि दरखास्त पेश गर्दा प्रत्येक पदको लागि छुट्टा छुट्टै दरखास्त फाराम पेश गर्नुपर्नेछ भने दरखास्त दस्तुर तथा दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु पनि प्रत्येक दरखास्तको लागि छुट्टाछुट्टै पेश गर्नुपर्नेछ।

५. **उमेरको हदः** २०८३।०८।०३ गते सम्म १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

बिक्रम लिम्बु
023/06/13

— क्रमशः —

बिक्रम लिम्बु
हुलाक अधिकृत

नेपाल सरकार
स्वास्थ्य तथा सामाजिक संरक्षण मन्त्रालय
हुलाक सेवा विभाग
हुलाक निर्देशनालय दिपायलबजार
जिल्ला हुलाक कार्यालय
भद्रपुर, झापा

६. दरखास्त साथ पेस गर्नुपर्ने कागजातहरु:

क. नागरिकताको प्रतिलिपि,
ख. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (माथिल्लो शैक्षिक योग्यता भए सो समेत),
ग. दुईपाङ्ग्रे सवारी चालक अनुमतिपत्रको प्रतिलिपि,
घ. आधारभूत कम्प्यूटर तालिमको प्रमाणपत्रको प्रतिलिपि (यदि भएमा),
ङ. कार्यअनुभवको प्रमाणपत्रको प्रतिलिपि (यदि भएमा),
च. समावेशिता खुल्ने प्रमाणित कागजात
छ. स्थायी ठेगाना खुल्ने प्रमाणित कागजात,
ज. पासपोर्ट साइजको दुई प्रति फोटो,
झ. राजस्व तिरेको सक्कल भौचर।

७. **कार्यक्षेत्र**: विज्ञापनमा तोकिएको स्थान वा कार्यालयको आवश्यकता अनुसार कार्यालयले तोकेको अन्य स्थान।

८. **तलब**: नेपाल सरकारले तोके बमोजिम।

९. **आधारभुत योग्यताहरु**:

क. नेपाली नागरिक।
ख. न्यूनतम शैक्षिक योग्यता: मान्यता प्राप्त शिक्षण संस्थाबाट SEE वा सो सरह उत्तीर्ण गरेको।
ग. १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको हुनुपर्ने।
घ. प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको हुनुपर्ने।

१०. **परिक्षा मिति, समय र स्थान**: प्रारम्भिक सूचीमा छनौट भएका उम्मेदवारहरुको नामावली सहित आगामी चरणको परीक्षाको मिति, समय र स्थान तोकिएको सूचना प्रकाशन गरिनेछ ।

अन्य थप जानकारीको लागि जिल्ला हुलाक कार्यालय, झापाको मोबाइल नं. ९८५२६५६२७३ मा सम्पर्क गर्न सक्नुहुनेछ । भर्ना छनौट एवम् मूल्याङ्कन विधि, प्रकृया र पाठ्यक्रम सम्बन्धी विस्तृत विवरण जिल्ला हुलाक कार्यालयको फेसबुक https://www.facebook.com/share/1XHS7tRtLX/?mibextid=wwXIfr मा समेत राखिएको छ ।

023/06/13

बिक्रम लिम्बु
हुलाक अधिकृत